



# बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily






वर्ष ६ अंक १८९ | ०७ माघ २०७७ बुधबार | 20 January 2021 Wednesday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ


# असंवैधानिक कदमका विरुद्ध आन्दोलन गर्न बाध्य: नेता ज्ञवाली



**विकास थापा**
कपिलवस्तु ६ माघ

नेकपाका स्थायी कमिटि सदस्य तथा लुम्बिनी प्रदेशका ईन्चार्ज युवराज ज्ञवालीले प्रधानमन्त्री ओलीको असंवैधानिक कदम विरुद्ध आन्दोलन गर्न बाध्य भएको बताउनु भएको छ । नेकपा कपिलवस्तुले आयोजना गरेको जिल्लास्तरीय अगुवा कार्यकर्ता प्रशिक्षण कार्यक्रमलाई मंगलवार कपिलवस्तुको सिद्धार्थ क्याम्पसको सभाहलमा सम्बोधन गर्दै ईन्चार्ज ज्ञवालीले ओलीका असंवैधानिक कदमको विरोध गर्नुपर्नेमा जोड दिनुभयो । इञ्चार्ज ज्ञवालीले देश, जनता र संविधानको रक्षाका लागि अझै पनि बलिदानी गर्न तयार रहेको बताउनुभएको छ। केपी ओलीले पहिलो अपराध कम्युनिष्ट पार्टीमा गरेको र अर्को अपराध देश, जनता र लोकतन्त्र माथि गरेको भन्दै यो क्षमा दिने खालको अपराध नभएको समेत बताउनुभयो।

यस्तै कार्यक्रममा बोल्दै पूर्बमन्त्री एबम स्थायि कमिटि सदस्य बर्षमान पुनले प्रधानमन्त्री ओलीले नियोजित ढंगबाट संसद बिघटन गरेको बताउनुभयो । पूर्बमन्त्री पूनले संविधानको कुनै धारामा प्रतिनिधिसभा विघटन गर्ने व्यवस्था नै नरहेको र हुँदै नभएको धारा राखेर बिघटन गरिएको उहाँको भनाई छ। ओलीले जनताको समृद्धि आकाँक्षा पुरा नगरेको भन्दै विश्वासको साथमा ओलीलाई अध्यक्ष र प्रधानमन्त्री बनाएर मुलुकको अभिभारा सुम्पनु गलत भएको उहाँले बताउनुभयो।

यस्तै कार्यक्रममा बोल्दै पूर्बमन्त्री एबम स्थायी कमिटि सदस्य चक्रपाणी खनाल बलदेबले संसद बिघटन गरेर प्रधानमन्त्री ओलीले जनताको अपेक्षाविपरीत काम गरेको उल्लेख गर्नुभयो । उहाँले समाजवादको बाटो अवलम्बन गर्नुको विकल्प नभएको भन्दै यसका लागि कार्यदिशा, लक्ष्य र कार्यक्रम नयाँ बनाएर अघि बढ्नकै लागि दुई पार्टीबीच एकता गरिएपनि ओली त्यस दिशातर्फ नहिँडेको आरोप लगाउनुभयो । यस्तै कार्यक्रममा बोल्दै पूर्ब सभामुख एबम प्रदेश अध्यक्ष ओनसरि घर्ती मगरले प्रधानमन्त्री ओलीको प्रबृति फासीबादी रहेको आरोप लगाउनुभयो। पूर्बसभामुख घर्तीले नबनियुक्त भएका मन्त्रीहरु ओलीको नयाँ दास रहेको बताउदै ओलीले ३ वर्षमा केहि उपलब्धी हासिल नगरेको बतानुभयो। उल्टो पार्टीले प्राप्त गरेका उपलब्धीलाई हत्या गरेको उहाको भनाई छ।

यस्तै कार्यक्रममा बोल्दै केन्द्रिय सदस्य ठाकुर गैरे ,लुम्बिनी प्रदेश सभा सदस्य बिष्णु पन्थी ,सिद्धार्थ क्याम्पसका स्ववियु सभापति शुसिल खत्रीले मुलुक नेकपामय भएको बेला ,समृद्धीको बाटोमा लम्किरहेको बेला ओलीले लोकतन्त्रमाथि गरेको हमला गरेको आरोप लगाउनु भयो । कपिलवस्तुका ईन्चार्ज गिरधारीलाल न्यौपानेलाई संकेत गर्दै उहाँहरुले न्यौपानोले अहिले सल्लाघारी छोडेर सुन्तलाघारीमा गएको बताउनुभयो । सुन्तलाघारीको फल रहदा सम्म पार्टीमा रमाएपनि जनताको नजरबाट खसेको बताउनुभयो। ओलीको संसद विघटनको कदम असंवैधानिक तथा अलोकतान्त्रिक भएको भनाई छ । कार्यक्रममा उपस्थित पार्टी कार्यकर्तालाई अब उर्जाका साथ जनताको बीचमा जान आहवान गर्दै लोकतन्त्रलाई मजबुद बनाउनुपर्नेमा जोड दिनुभयो। नेकपा कपिलवस्तुका अध्यक्ष बिष्णु शाहको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन गिता अन्जानले गर्नुभएको थियो।

विज्ञान विषयको छात्रबृति

# परिवारमा छोरीको शान,छात्राका लागि बरदान



**भेषराज पाण्डे**
कपिलवस्तु ६ माघ

सामुदायिक तर्फका प्लस टु मा विज्ञान विषयको छात्रबृत्ति छात्राकालागि बरदान सावित भएको छभने परिवारमा छोरीको शान नै बढाएको छ । सामुदायिक तर्फका प्लस टुमा बिज्ञान विषयमा सम्पूर्ण छात्राकालागि छात्रबृत्ति दिन थालेपछि छात्राको संख्या हवात्तै बृद्धि भएवाट यस्तो देखिएको हो । प्रदेश सरकारले छात्रावृति सुरु नगर्दै चार सयको हाराहारीमा मात्र छात्राहरु बिज्ञान पढदै आएका थिए भने गत बर्ष छात्रावृति प्रदान गर्दा त्यो सख्या बढरे एक हजार सन्ताउन पुगेको सामाजिक विकास मन्त्रालयका उपसचिव थानेश्वर ज्ञवालीले जानकारी दिनु भयो । यो बर्ष सख्या बढेर दुई हजार बढि पुग्ने मन्त्रालयको अपेक्षा रहेको छ।

यता विज्ञान विषयतर्फ छात्राको पहूँच कम देखिएको हुँदा प्रोत्साहन स्वरुप लुम्बिनी प्रदेश सरकारले छात्रावृतिको ब्यवस्था गरेको हो । अहिले शिक्षामा गणित तथा बिज्ञान बिषयलाई बढि महत्वका साथ लिने र ति बिषयको प्राप्तीले माथिल्लो बिषयको पढाईमा प्रभाव पर्ने भएकाले छात्रावृतिको कार्यक्रम प्रभावकारी तवरले अगाडि बढदै गएको सामुदायिक बिद्यालयका शिक्षकहरुको भनाई छ।

यता लुम्विनी प्रदेशमा बिज्ञान विषयको हवका रुपमा प्रदेश सरकारले रुपन्देहि जिल्लालाई विकास गर्न खोजेको छ । फलस्वरुप रुपन्देहीको कान्ती माध्यमिक बिद्यालयलाई एक महत्वपूर्ण शिक्षण सस्थाको रुपमा स्थापित गराउने योजनाले सिगो बिद्यालयलाई हौसला थपेको बिद्यालयका प्रधानाध्यक गोविन्द ज्ञवालिले बताउनु भयो । छात्रावृति पाएपछि बिज्ञान बिषय पढने छात्राको सख्या बिगतका बर्षहमा भन्दा दोब्बर तरिकाले बढेको बताउनु हुन्छ । लुम्बिनी प्रदेशले जसरी शिक्षा तर्फ लगानि गरेको छ यो कार्यको सिको अन्य प्रदेशले पनि गर्नुपर्ने उहाले वताउनु भयो ।

यता कालिका मानवज्ञान माध्यमिक बिद्यालयका प्रधानाध्यपक बिष्णुहरि ज्ञवालीले बिज्ञान विषयमा छात्राहरु चाँप बढदै गएको प्रष्टाउनु भयो । सहज रुपमा जागीर पाउनका लागी अबसर भएको तथा छात्रावृति पाएर आफ्नै गाँउ ठाँउमा अध्ययन गर्ने वातावरण बनेपछी बिज्ञान बिषयप्रती आकर्षक बढेको उहाँको भनाई रहेको छ ।बिचमा पढाई छोड्नु पर्ने बाध्यताका कारण छात्राहरुले आफनो पढाईलाई निरन्तरता दिन नपाउने अबस्थामा सरकारले गरेको लगानिले परिवारलाई पनि आफनो बालबच्चलाई पढाउनु पर्छ भन्ने महसुस भएको बिज्ञान बिषय पढिरहेको छात्राहरुको भनाई रहेको छ। लुम्बिनी प्रदेश सरकारलेप्रदान गर्दै आएको छात्रावृतिले आर्थिकरुपमा कमजोर भएका साथै बिज्ञान बिषय प्रतिको अभिरुचि बढ्ने आशा छात्राहरुमा रहेको छ।


(बाँकी ३ पेजमा>>>



निःशुल्क तालिम! निःशुल्क तालिम !! निःशुल्क तालिम !!!

प्रोफेसनल बिल्डिङ्ग ईलेक्ट्रिसियन तह-२




प्रोफेसनल विल्डिङ्ग ईलेक्ट्रिसियन विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) को दिगो तथा सम्मानित रोजगारीका लागी सीप (ENSSURE) परियोजना मार्फत १६९६ घण्टा करिव १० महिना लामो कार्यगत तालिम सहितको सीपमुलक तालिम मिति २०७७ माघ ११ गतेदेखि संचालन हुने हुँदा माघ ८ गते भित्र इच्छुक नेपाली नागरिकवाट पासपोट साइजको २ प्रति फोटो र नागरिताको प्रतिलिपि, शौक्षिक योग्यताका प्रमाणपत्र सहित दरखास्त आह्वान गरिन्छ।

न्युनतम योग्यता र विशेषता:

- पुरुषको लागि १८-३५ र महिलाको १८-४० वर्ष उमेर समूह
- कुनै पनि व्यवसायिक तालिम नलिएको
- कम्तिमा ८ कक्षा उत्तीर्ण र बढीमा +२ उत्तीर्ण
- व्यवसायिक कार्य गर्न शारीरिक र मानसिक रुपमा सक्षम
- महिला, दलित तथा विपन्नलाई विशेष प्राथमिकता
- तालिम पूर्ण रुपमा निःशुल्क।
- तालिम पश्चात राष्ट्रिय सीप परिक्षण समिति तह-२ को सीप परीक्षण गराइने छ।
- तालिम पश्चात विभिन्न उधोग, हाईड्रोपावर, सव-स्टेसन र प्राईभेट कम्पनीमा OJT को व्यबस्था गरिने।

सीप सीकौं आत्मनिर्भर बनौं

सीट संख्या ४० जना मात्र

तालिम हुने स्थान : बुटवल-०४ पाल्पारोड
फाराम पाईने स्थान: जयन टेक्निकल कलेज अफ टेक्नोलोजी प्रा.लि. बुटवल-०४ पाल्पारोड र बुटवल -१० कालिकानगर, (फाराम निःशुल्क रुपमा उपलब्ध हुनेछ।)

थप जानकारीको लागी सम्पर्क

जयन टेक्निकल कलेज अफ टेक्नोलोजी प्रा.लि.
बुटवल-४, पाल्पारोड
सम्पर्क: ०७१-५४५९०२, ९८५७०३४४०३, ९८५७०३०१०२, ९८१३०४०८२१




# सम्पादकीय

## अस्पताल, उपचार र प्रचार

तौलिहवामा रहेको कपिलवस्तु जिल्ला अस्पताल जति सुविधा सम्पन्न भयो, उति आकर्षण र विश्वास पनि बढ्नु पर्ने हो, तर देखिदैन त्यस्तो, के भएको हो यस्तो ? अत्याधुनिक सुविधा सम्पन्न भवन, उपकरण र दरबन्दीभन्दा बढी चिकित्सक पनि रहेछन् । हुनसक्ने हदसम्मको उपचार पनि गर्छन् होला । तर पनि रोगीहरु कोही युनिभर्सल मेडिकल कलेज भैरहवातिर, कोही बुटवल र कोही गोरखपुरतिर दौडन्छन् किन ? किनकि अस्पतालका नवनिर्मित भवन र उपकारण बोल्दैनन् । बोलेर उपचार गर्ने चिकित्सक, उनका सहयोगी र अस्पतालका कर्मचारीहरुको व्यवहारमा आकर्षण भन्दा विकर्षण पैदा गर्ने शैली हावी छ । विरामीहरु गाउ टोले र झोले डक्टरकहाँ जान्छन् बढी । अलिगढवा, खुनुवा, बढनी, जीतपुर(४ नम्बर)तिर लाग्छन् । साधन र सुविधा भएर पनि नभएजस्तो व्यवहारले विरामीहरुलाई बाहिर पठाउने काम भएको छ । यतातिर कतिको ध्यान गएको छ ?

अस्पतालमा सुविधा र साधन बढेसंगै वरिपरिका निजी क्लिनिक, पोलिक्लिनिक, प्रयोगशाला र मेडिकल पसलमा बाहिरबाट बार अनुसार विशेषज्ञ बोलाएर जँचाउने र उपचार गराउने चलन पनि बढेको छ । बुटवल, भैरहवा र काठमाण्डौका डक्टरले यतै आएर जाँच्ने र औषधि उपचार गर्ने कुरा त राम्रो हो । निजी क्लिनिक र पोलिक्लिनिक तथा मेडिकल पसलहरुले जति प्रचार पुर्‍याएर विरामीहरु तानेका छन्, उति प्रचार भएन, विश्वास आर्जन गरिएन जिल्ला अस्पतालमा पाइने सुविधाका बारेमा । सरकारी अस्पताललाई सुकाउने र निजीमा विरामी पठाउने धन्दामा कर्मचारीको पनि मिलेमतो छ भन्छन् भुक्तभोगीहरु । प्रसव बेदनाले छटपटाएका विरामीलाई अस्पतालभन्दा बाहिर पठाएर प्रसुती गराउन लगाएर कमिशन खानेहरु भित्रै भएको बताइन्छ । हाकाहाकी भन्छन् रे - यहाँ प्रसुती गराउनभन्दा त्यहाँ जानुस् सजिलै गराइन्छ, डराउन पर्दैन' भनेर ।

जनस्वास्थ्य र अस्पतालका कतिपय वर्तमान तथा निवर्तमान कर्मचारीहरुले आफ्नै घरमा भूमिगत क्लिनिक सञ्चालन गरेर प्रसुती गराएर १० हजारदेखि २०/२५ हजारसम्म असुल्ने गरेको वताइन्छ । त्यस्ता क्लिनिकमा लुकीछिपी गर्भपतन गराइने विषयमा अस्पताल प्रशासन अनभिज्ञ छैन पनि भनिन्छ । प्रसुती र गर्भपतन गराएजस्तै अरु काम पनि हुने गरेका छन् लामै समयदेखि भन्नेहरुको कमी छैन । अस्पताललाई त संपर्क कार्यालयका रुपमा प्रयोग गरिएको बताइन्छ माफियाहरुले । यस्ता धेरै अरु पनि कारणहरु होलान्, जसले गर्दा यताका जनताले उति विश्वास गर्दैनन् र भर पर्दैनन् । विश्वास बढाउने, भर पर्ने र जिल्ला अस्पतालमै सुरक्षित तरिकाले उपचार गराउने व्यवस्था मिलाइयोस् । सोही अनुसारको प्रचार पनि गराइयोस् । तब मात्रै अस्पताल, उपकरण र चिकित्सकका ज्ञानको सदुपयोग हुने छ । विगतमा जस्तै दुरुपयोग बढ्ने छ नत्र । विरामीहरु पर्ने छन् अलपत्र ।

न्यायालय, औषधालय र शिक्षालयमा राजनीतिको प्रभाव नपर्नुपर्ने हो । परेको छ र त्यसैले गर्नु नगर्नु सवै गरेको छ भन्ने नपारियोस् । आकश्मिक सेवासहित पूर्जी कटाउनेदेखि लिएर परीक्षण गराउने ठाउँमा बस्ने कर्मचारीको बोलीबचन शिष्ट र मिष्ट पनि होस् । अस्पतालमा पुगेका विरामीलाई अपमान गरेमा जता सहज र सरल तरिकाले उपचार गराउन पाइन्छ उतै लाग्छन् नै ।

# प्रचण्ड-माधव 'केमिस्ट्री' टिक्ला ?

**राजाराम गौतम**



नेकपा (प्रचण्ड-माधव) समूहका अध्यक्षद्वयबीच अहिले घनघोर मित्रता देखिएको छ। यी दुई नेता मैत्रीपूर्ण आलिङ्गनमा यसरी बाँधिएका छन्, मानौं सम्बन्ध अटुट हुनेछ। सार्वजनिक मञ्चहरूमै यी दुई नेता एकअर्काको खुलेर प्रशंसा गर्छन्, सामूहिक नेतृत्वको भावना देखाउन पछि पर्दैनन्।

कामचलाउ प्रधानमन्त्री ओलीले माधवलाई 'प्रचण्डका कार्यकर्ता' भनेर के छेडखानी गरेका थिए, बागी समूहले उनलाई आलोपालोमा पहिलो वरीयताको अध्यक्ष बनाइदियो। प्रचण्डले प्रज्ञा भवनमा कार्यकर्ता प्रशिक्षण कार्यक्रममा बोल्दै भने पनि, 'हामीबीच पहिलो, दोस्रो अध्यक्ष भन्ने छैन। अहिले माधव नेपाल मेरो अध्यक्ष।'

प्रचण्ड-माधवबीचको 'मायाप्रेम' गाढा हुँदै गए पनि नेपाली राजनीतिमा यतिखेर घृणाको बाहुल्य छ। नेताहरूबीच 'लभ एन्ड हेट' को सम्बन्ध हुनु अस्वाभाविक नहोला तर अहिले चलेको छेडखानी, कटाक्ष र गालीगलौज सुन्नै नसकिने खालका छन्, पँधेरोमा हुने झगडाजस्तै। प्रधानमन्त्री ओलीका कटाक्ष, उनको प्रतिकार गर्दै प्रचण्ड-माधवहरूले फर्काएको जवाफ सुन्दा दिगमिग लाग्छ। अनि प्रश्न गर्न मन लाग्छ, के यी तिनै नेता हुन् जो चार दशकभन्दा बढी राजनीति गरिसकेको डिङ हाँक्छन् ?

ओलीले 'प्रचण्ड-माधव' लाई कुहिएको फर्सी, खिया लागेको नटबोल्ट देखेपछि प्रचण्डले ओलीलाई 'विक्षिप्त राजनीतिक जोकर' को उपाधि दिए। अनि माधवले त ओलीलाई 'फोहोरको डंगुर' नै भन्न भ्याए। यस्ता निम्नस्तरका गालीगलौज र कटाक्ष बितेका एक महिनामा दिनहुँ चलिरहेका छन्। प्रधानमन्त्री भइसकेका अगुवाहरूको अशिष्ट बोली र आचरणका कारण राजनीति फगत एउटा प्रहसनमा परिणत भएको छ। यस्तोमा झाँगिँदै गएको प्रचण्ड-माधव मैत्री कतिन्जेल सुमधुर रहला ? कतै यो देखावटी र बाध्यताको सम्बन्ध त होइन ? कतै यो राजनीतिक आग्रह र स्वार्थहरूको मिलन त होइन ? यो कति कृत्रिम हो र कति प्राकृतिक हो ? दुई नेताको सम्बन्धलाई लिएर अनेक प्रश्न उब्जिएका छन्।

प्रश्न उब्जिनु स्वाभाविक किन पनि हो भने, तीन वर्षअघि मात्रै प्रचण्ड र ओलीबीच यस्तै 'केमिस्ट्री' बनेको थियो। दुनियाँलाई चकित पार्दै प्रचण्ड-ओली एक भएका थिए। पार्टी एकता गरेपछि यी दुई नेताले बालुवाटारमा जापानी प्रजातिको बिरुवा 'जिन्को' रोपे। 'जिन्को' त्यो बिरुवा हो, जो दोस्रो विश्वयुद्धका बेला अमेरिकाले जापानको हिरोसिमा र नागासाकीमा अणुबम प्रहार गर्दा पनि मरेको थिएन। सम्बन्ध यस्तै अजर होस् भन्ने सन्देश दिन 'जिन्को' रोपेर एकता अघि बढाए पनि त्यो दिगो भएन। इगो र सत्तास्वार्थको घानमा परेर त्यो 'केमिस्ट्री' टुट्यो।

प्रचण्ड-ओलीको सम्बन्ध टुट्दाको मूल्य बलियो कम्युनिस्ट पार्टीले मात्रै चुकाएको छैन, सिङ्गो मुलुक त्यसबाट अभिशप्त छ। लामो समयपछि हामीले राजनीतिक स्थिरता पाएका थियौं। त्यो जगमा आर्थिक समृद्धिका अनेक सपना बुनिएका थिए। आम मानिसका सपना र अपेक्षा त्यसमा मिश्रित थिए। तर, ती सपना चकनाचुर भएका छन्। मुलुक अँध्यारो सुरुङको यात्रामा छ।

यो अवस्थाको जिम्मेवार ओली मात्रै हुन् त ? निश्चय पनि यसमा उनको 'स्टेक' सबैभन्दा बढी छ। उनको अहंकार, अलोकतान्त्रिक र अराजनीतिक चरित्र मूल रूपमा दोषी छ तर प्रचण्ड-माधवहरू पनि दोषमुक्त छैनन्। उनीहरू 'पानीमाथिको ओभानो' बन्न मिल्दैन। अहिले अनौपचारिक विभाजनपछि पार्टीभित्र बहुमत भएको दुहाई दिइरहे पनि यो समूहले ओलीलाई छाडा छोड्नु र सुरुदेखि नै लगाम नकस्नु तिनको पहिलो कमजोरी थियो। पार्टी र सरकार सञ्चालनको प्रभावकारितामा भन्दा बढी भागबन्डाकै पछि लाग्नु अर्को 'ब्लन्डर' थियो।

ओलीले संसद् विघटन गरेर संविधानलाई मूर्च्छित बनाएपछि राजनीतिक परिस्थिति बदलिएको हो, नेताहरूको स्वार्थ र प्राथमिकता बदलिएको छैन। अहिले पनि प्रचण्ड उही ध्याउन्नमा छन्। एउटा ठूलो कम्युनिस्ट पार्टीको एकल नेता बन्ने, प्रधानमन्त्री बन्ने महत्त्वाकांक्षा उनमा छ। माधवलाई आफूसरहको अध्यक्ष बनाउनु उनको बाध्यता हो, यतिखेर। पूर्वएमाले पंक्ति उसै पनि प्रचण्डको कार्यकर्ता नबन्ने मनोविज्ञानमा छ। ओलीको कदम गलत लागे पनि अझै उनीतिरै टाँसिएका छन् थुप्रै पूर्वएमाले, जो प्रचण्ड-फोबियाले ग्रस्त छन्। यता आएका पूर्वएमाले नेता-कार्यकर्तालाई आश्वस्त पार्न र विश्वास जित्न प्रचण्डले माधवको नाम सिरानमा राखेका हुन्।

माओवादी केन्द्र एक्लै चुनाव लड्दा कमजोर नतिजा आउन सक्ने आकलन गरेरै प्रचण्डले ओलीसँग एकताको हात बढाएका थिए। ओलीले चाहिँ माओवादीसहितको बलियो पार्टीको शक्तिशाली सरकारको प्रधानमन्त्री हुने स्वार्थ पालेका थिए। त्यो एकता हुँदै गर्दा साक्षी किनारामा परेका माधवचाहिँ निरीह थिए। बाध्य भएर भनेका थिए, 'एकताको स्पिरिट नभाँडियोस् भनेर मात्रै हो, नत्र यो हूलमूलमा भएको एकता स्विकारिने थिएन।'

प्रचण्ड-ओली एक ठाउँमा हुँदा निरीह बनेका माधव जसै यी दुईबीच असमझदारी बढ्दै गयो, निर्णायक बन्दै गए। विभाजन नहुँदासम्म माधवको लडाइँ पार्टीमा त्रिपक्षीय शक्ति सन्तुलन भएको स्थापित गर्नुमा थियो। उनी कम्तीमा अध्यक्षद्वयमध्ये एक हुन चाहन्थे। अहिले उनले त्यो पाएका छन्। पन्ध्र वर्षपूर्व एमालेको मुख्य नेतृत्व सम्हालेका माधवमा पनि पार्टी र सरकारको नेतृत्व गर्ने रहर र महत्त्वाकांक्षा दुवै छ।

तीन दशकभन्दा बढी समयदेखि एकोहोरो पार्टी प्रमुख बनेका प्रचण्ड र डेढ दशक अविच्छिन्न नेतृत्व सम्हालेका माधवबीचको अहिलेको 'केमिस्ट्री' टिकाउ होला ? अथवा, ओलीसँगकै जस्तो नियति नदोहोरिने ग्यारेन्टी के ? यो प्रश्न दुई नेताको ओहदा र प्रतिष्ठा व्यवस्थापनसँग मात्रै जोडिएको छैन, आगामी दिनको राजनीतिसँग पनि सम्बन्धित छ।

५ माघमा यी दुई नेताले संसद् पुनःस्थापना र संविधानरक्षाका लागि सर्वसाधारणलाई आन्दोलनमा आउन अपिल गरेका छन्। प्रधानमन्त्री ओलीले संविधान कुल्चेर प्रतिनिधिसभा विघटन गर्दा किन आम मानिस स्वतःस्फूर्त रूपमा सडकमा आएनन् ? २०१७ सालमा राजा महेन्द्रले गरेको कू र २०६१ मा ज्ञानेन्द्रले सत्ता हत्याएजस्तै अलोकतान्त्रिक कदम भनेर दाँजिए पनि जनताका असन्तुष्टि सामाजिक सञ्जालमै सीमित भए।

एक महिनायता दिनहुँ आन्दोलन भइरहेका छन्। तर, के ती प्रभावकारी छन् ? एक थरी आन्दोलन नेकपाकै प्रचण्ड-माधव समूहको छ, जहाँ त्यही समूहका कार्यकर्ता सहभागी हुन्छन् अनि नेताहरूले ओली र त्यो समूहलाई गरेको गालीगलौज सुनेर फर्किन्छन्। दोस्रो, कांग्रेसले चुनावलाई लक्ष्य गरेर वडादेखि संघसम्मका निर्वाचन क्षेत्रमा सभा गरिरहेछ। ती पनि फगत औपचारिक विरोधका कार्यक्रममा सीमित भएका छन्। अर्को थरी बृहत् नागरिक आन्दोलनका नाममा लेखपढ गर्ने सानो जमात विरोधमा जुटेको छ। कुनै पनि विरोध वा आन्दोलनले ओलीलाई छोएको छैन। उनी टसको मस छैनन्।

दबाब सिर्जना हुने गरी आन्दोलन उठ्न नसक्नुमा केही कारण छन्।

१. आन्दोलन विभाजित छ। कांग्रेस, नेकपा (प्रचण्ड-माधव समूह), जनता समाजवादी पार्टी सबै संसद् विघटनपछिको राजनीतिलाई आफ्नो लाभमा उपयोग गर्न खोजिरहेका छन्। संविधानरक्षा र संसद् पुनःस्थापनालाई बिनासर्त आन्दोलनको मुद्दा बनाएर एकीकृत हिसाबले दलहरू अघि बढ्न सकेका छैनन्।

२. बृहत् नागरिक आन्दोलनले सांकेतिक रूपमा विरोध कार्यक्रम गरिरहेको छ। तर, दलीय आस्थाका आधारमा नागरिक समाज विभाजित छ। नागरिक समाजको दलीयकरण भएको छ। त्यसमाथि पुरानै अनुहारको बाहुल्यजस्ता कारणले यसको प्रभावकारिता पनि कम छ।

३. संसद् विघटनको विरोधमा उत्रेका दल र नेताहरूप्रतिको अविश्वास उत्तिकै छ। सधैं नेताको सिँढी बन्ने ? प्रचण्ड-माधवहरूले कांग्रेस सभापति शेरबहादुर देउवालाई पुनःस्थापनापछिको प्रधानमन्त्री अफर गरेको खबर आएको छ। फेरि पनि ओलीका फोटोकपी देउवालाई प्रधानमन्त्री बनाउन आन्दोलन गर्ने ? आन्दोलनको माहोल नबन्नुको अर्को कारण यो हुन सक्छ।

४. संसद् पुनःस्थापनापछि के ? फेरि उही सत्तामुखी राजनीति। जनता रोग र भोकले आक्रान्त हुँदै गएका छन्। कोरोनाको भय बढ्दो छ। बेरोजगारी त्यत्तिकै भयावह हुँदै गएको छ। राजनीतिले नागरिकलाई सही र यथोचित सेवा दिन सक्छ भन्ने अपेक्षा टुट्दै गएको छ। नेतृत्वले जनतालाई 'डेलिभरी' दिन सक्ने विश्वास दिलाउन नसकेकाले पनि आम तप्का राजनीतिक आन्दोलनबाट विमुख भइरहेको छ।

५. लोकतन्त्रमा सधैं असल लोकतन्त्रप्राप्तिको अभिलाषा हुन्छ, जनतामा। खराब नेताको ठाउँमा असल नेताको खोजी हुन्छ। नागरिक आन्दोलनदेखि दलका आन्दोलनसम्म उही बासी र परीक्षण भइसकेका अनुहार, जनतालाई अपिल गर्ने कुनै योजना नभएकाले पनि आन्दोलनले गति नलिएको हो।

६. संसद् पुनःस्थापनाको मुद्दामा सर्वोच्चमा बहस चलिरहेको छ। सबैको नजर सर्वोच्चतिर छ। सर्वोच्च अदालतको फैसलाको पर्खाइमा छन्, जनता।

यी र यस्ता अनेक कारण छन्, आन्दोलन नउठ्नुमा। अन्यथा नेपाली राजनीतिको एउटा मुख्य विशेषता आन्दोलन हो। सात दशक लामो राजनीतिको गर्विलो पक्ष भनेकै आन्दोलन, संघर्ष र बलिदानको गाथा हो। लोकतान्त्रिक राजनीतिका लागि जीवन उत्सर्ग गर्नबाट जनताले पीठ नफर्काएको इतिहास नेपालीको पुँजी नै हो। जब-जब निरंकुशताले टाउको उठायो, जनताले त्यसलाई जबर्जस्त जवाफ दिए र लोकतन्त्र स्थापनामा अभूतपूर्व भूमिका निर्वाह गरे। यसपटक पनि जनता जाग्छन्। समाज उद्वेलित छ, बेचैन छ, असन्तुष्ट छ, आक्रोशित छ। त्यो आक्रोश सामाजिक सञ्जालहरूमा सीमित छ। त्यसलाई सडकमा ल्याउन सक्नुपर्छ। यसो गर्न नेतृत्वले विगतमा त्रुटि-कमजोरी भयो भनेर आत्मालोचना गरेर मात्र पुग्दैन अब, प्रायश्चित्त नै गर्नुपर्छ। पूर्व प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले मंगलबारको कान्तिपुरमा भनेजस्तै, 'अहिलेको नेतृत्व रहेसम्म सकारात्मक सोच्ने ठाउँ छैन।'

यहींनेर प्रचण्ड र माधवको भूमिका महत्त्वपूर्ण हुन सक्छ। अहिलेको राजनीतिक उपलब्धि र त्यसलाई संस्थागत गर्ने चरणमा यी दुई नेताको भूमिका उल्लेख्य छ। अनेक उतारचढावका बावजुद शान्ति प्रक्रिया र संविधान निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेमध्येका मुख्य नेता दुवै हुन्। त्यही राजनीतिक उपलब्धि धरापमा परिरहँदा दुवै नेताले यसको रक्षाका लागि आफूलाई अग्रसर गरेका छन्, जुन सकारात्मक छ। सर्वसाधारणलाई आन्दोलनमा सरिक हुन उत्प्रेरित गरेसँगै तिनमा विश्वास जागृत गर्ने आधार के ? त्यो पनि यी दुई नेताले प्रस्ट पार्न सक्नुपर्छ।

कम्तीमा सत्तरी वर्षआसपासका यी नेताहरूले अब सत्तासुखको आकांक्षा पाल्नु उचित हुँदैन। आन्दोलनदेखि नै नेतृत्व हस्तान्तरणको प्रक्रिया सुरु गरेर आफूलाई अभिभावकीय भूमिकामा राख्न सके यी दुई नेताको 'केमेस्ट्री' चिरस्थायी बन्ने मात्रै होइन, बिथोलिएको राजनीति सही बाटामा फर्कने झिनो आस पनि पलाउँथ्यो कि ?

(बुधबार प्रकाशित हुने कान्तिपुरको प्रिन्ट संस्करणबाट।) *-कान्तिपुरबाट*

# सन्धिखर्क नगरपालीका एक साताका लागि बन्द

माग ६ अर्घाखाँची

जिल्लाको सन्धिखर्क नगरपालिका नगरप्रमुख कमल प्रसाद भुसाल सहित अन्य कर्मचारीलाई कोरोना पुष्टि भएपछि (आज) मंगलबार देखि माग १२ गते सोमबार सम्म नगरको कामकाज बन्द गरिएको छ। नगरप्रमुख सहित कर्मचारीमा कोरोना पुष्टि भएपछि कोरोना संक्रमण फैलिन नदिन भन्दै एकसाताका लागि कार्यालयको कामकाज बन्द गरिएको निमित्त प्रमुख प्रशासकिय अधिकृत युगलनारायण बसेलद्वारा जारी सुचनापत्रमा उल्लेख गरिएको छ।




बिगत केही दिन देखि स्वास्थ्यमा समस्या देखिएपछि कोरोना परिक्षण गर्दा पोजेटिभ देखिएको जिल्ला जनस्वास्थ्य कार्यालय निरिक्षक गणेशराज पौडेलले जानकारी दिए।

जनताको सेवामा निरन्तर खट्ने भुसाल परिवारमा पछिल्लो पटक कोरोना पोजेटिभ देखिएको हो। एक साता अघि पिसिआर जाँचका लागि प्रादेशिक प्रयोगशाला भैरहवामा स्वाब परिक्षणका पठाईएको थियो। भुसालको छोरी पनि कोरोना सक्रमित छिन्।भुसालको स्वास्थ्य अबस्था भने सामान्य रहेको छ। जिल्लामा अहिले सम्म कोरोना सक्रमितको संख्या ८ सय ४६ जना पुगेको छ भने जस मध्ये ८ सय ४ जना निको भैसकेका छन्। जिल्लामा सक्रिय सक्रमितको संख्या ३० जना रहेको छ। अहिले सम्म १२ जनाको मृत्यु भैसकेको छ।

# ८० बर्षको उमेरमा नागरिकता

अर्घाखाँची, ६ माघ

अर्घाखाँचीको मालारानी गाउँपालिका- ३ की एक वृद्ध महिलाले ८० वर्षको उमेरमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेकी छन् । सोह्र वर्षमा नेपाली नागरिकता प्राप्त गर्ने कानूनी प्रावधान रहेपनि ती महिलाले ८० वर्षमा बल्ल नेपाली नागरिकताको प्रमाणपत्र पाएकी हुन् । मानसिक सन्तुलन गुमाएकी महिलालाई मालारानी-३ का वडाध्यक्ष शोभाखर खनालको पहलमा उहाँ बसेको छोरीकै घर सन्धिखर्क नगरपालिका-२ कुरमा पुगेर प्रमुख जिल्ला अधिकारी विष्णु पौडेलको नेतृत्वमा गएको जिल्ला प्रशासन कार्यालयका टोलीले नागरिकता प्रदान गरेको हो । असी वर्षको उमेरमा घरमै पुगेर नागरिकता दिएपछि उहाँका आफन्त खुशी भएका छन् । नागरिकता नपाएको र हाल ती महिला सन्धिखर्क-२ स्थित छोरीको घरमा बसेकी खबर पाएपछि प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरेर उहाँ बसेको स्थानमै पुगेर नागरिकताको सिफारिस तथा सनाखत गरेर नागरिकता प्रदान गरिएको वडाध्यक्ष खनालले बताउनुभयो ।

नागरिकताको सिफारिस लिन मालारानी गाउँपालिका-३ खादहमा पुग्नुपर्ने । मानसिक सन्तुलनसमेत गुमाएकी महिलालाई वडा कार्यलय तथा जिल्ला प्रशासन कार्यलयमा समेत ल्याउन असजिलो हुने भएपछि घरमै गएर सबै कागजी प्रक्रिया पूरा गरी नागरिकता प्रदान गरिएको प्रमुख जिल्ला अधिकारी विष्णु पौडेलले बताउनुभयो । नागरिकता नहुँदा वृद्ध भत्तासमेत खानबाट वञ्चित



भएकी महिलालाई अबदेखि नागरिकताको आधारमा वृद्ध भत्ता समेत प्रदान गरिने वडाध्यक्ष खनालको भनाइ छ । आफ्नो वडाको मानिस खोजी गरी अर्को नगरपालिकामा समेत आएर नागरिकता दिलाउन पहल गरेकोमा वडाध्यक्षको सबैले खुलेरै प्रशंसा गरेका थिए ।

## परिवारमा...

सामुदायिक विद्यालयको कक्षा ११ र १२मा अध्ययनरत मुक्त कमैया ,कमलरी ,मुस्लिम र दलित छात्राकालागि मासिक १ हजार छात्रबृत्ति दिदै आएकोमा आ व २०७६/०७७मा प्रदेश सरकार मार्फत सामुदायिक विद्यालय तर्फ कक्षा ११ र १२ विषयमा विज्ञान पढ्ने सम्पूर्ण छात्राकालागि मासिक १ हजार छात्रबृत्ति उपलब्ध गराउन थालेको छ । यो छात्रबृत्तिले प्लस टुमा बिज्ञान पढेपछि माथिल्लो तहमा एमविविएस , इन्जिनियरिङ ,बनविज्ञान ,कृषि तथा पाइलट लगायतका आकर्षक विषय पढ्ने वाटो खुल्ने भएकाले लुम्विनी प्रदेश सरकारले विज्ञान पढ्ने सबै छात्राकालागि छात्रबृत्ति दिएर उनीहरुको उज्ज्वल भविश्यको मार्ग चित्र कोर्न सघाएको छ ।


## श्रेस्ता कायम सम्बन्धि ३५ दिने हकवालाका नाममा सार्वजनिक सूचना

**विजयनगर गाउँपालिका तथा सम्बन्धित सरोकारवालाहरु**

उपरोत्त समबन्धमा विजयनगर गाउँपालिका वडा न.१ बस्ने राजेश्वरी प्रसाद मिश्रले आफनो नाममा रहेको ग'गौली वडा नं१ को कि.न.५०,१७८ २८८ र वडा न. २ को कि.न. ४६,४७,१५१,२०५,२०६,१५२,१७५ गरि जम्मा १० कित्ताको श्रेस्ता कायम गरि प्रतिलिपि पाउँभनि कार्यालयमा निबेदन पेश हुन आएको छ ।

माग गरिएको कित्ता निजको नाम्मा दर्ता नभएको भएमा वा निजका नाम्मा नभइ अरु कसैको भएमा वा सो जग्गा निजले जोतभोग नगरको भएमा वा अरुले जोतभोग गरेको भएमा वा माग बमोजिम श्रेस्ता कायम हुनु नपर्ने भएमा वा माग बमोजिम म श्रेस्ता कायम गरि प्रतिलिपि दिंदा कसैको हकदैयामा असर पर्ने भएमा ३५ दिन भित्र यस कार्यालयमा स प्रमाण सहित दाबि गर्नु हुन सम्बन्धित सरोकारवाला हकवालाका नाम्मा यो सूचना पकासित गरिएको छ । म्याद भित्र दाबि नपरेमा श्रेस्ता कायम सम्बन्धि निबेदनको माग दाबि अन'सार भै जाने हुदा म्याद भित्र दाबि गर्न'हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकासित गरिएको छ ।

MALARANI RURAL MUNICIPALITY
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
KHANADAHA,ARGHAKHACHI

## Invitation for Bids

Invitation for Bids for the Primary Hospital (15 Bed) Building Construction
Contract Identification No: NCB/MRM/B/21/77/78
*First Date of publication: 20th January 2021*

1. The Government of Nepal [GoN] has allocated funds from GoN towards the cost of Primary Hospital (15 Bed) Building Constructionand intends to apply part of the funds to cover eligible payments under the Contract forNCB/MRM/B/21/2077/078. Bidding is open to all eligible as per Section V of bidding document..

2. Malarani Rural Municipality invites electronic bids from eligible bidders for the construction ofPrimary Hospital (15 Bed) Building Constructionunder National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

Only eligible bidders with the following key qualifications should participate in this bidding:

• Minimum Average Annual Construction Turnover of the best 3 years within the last 5 years: NRs.13,35,00,000

• Minimum Work experience of similar size and nature: 1 building within 5 years with a value of at least 142300000.

3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.

4. Eligible Bidders may obtain further information at the office of Malarani rural municipality,Khanadaha-Arghakhachi or contact 9857023629/9857072737 or email er.malaranimun@gmail.com / malaraniruralmun@gmail.comor may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

5. Bidder should submit their bid electronically by downloading the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp . Bidders should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Mega Bank Nepal LimitedName of Office :Malarani Rural Municipality.
Office Account no.: 0040010119743
Rajaswa (revenue) Shirshak no. :AntarikRajshow Ga-1-1

6. Pre-bid meeting shall be held at Malarani Rural Municipality ,Khanadaha at 11:00 AM on 8th Feb, 2021

7. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp before 12:00 PM on 19th Feb. 2021.The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 19th 2021, 1:00 PM at the office of Malarani Rural Municipality, Khanadaha, Arghakhachi.

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N | DESCRIPTION OF WORK | Contract ID | Fee of Bid Document (NRs.) | Bid Validity Period(Days) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1. | Primary Hospital (15 Bed) Building Construction | NCB/MRM /B/21/ 2077/078 | 10000.00 | 150 | 46,00,000.00 |

बाणगंगा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदपूर्ती सम्बन्धी सूचना

**सूचना प्रकासित मितिः २०७७।०९।०७**

यस कार्यालय र अन्तर्गत बाणगंगा नगरपालिकाको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण व्यवस्थापन सम्बन्धी कार्यका लागि तपसिल बमोजिमका कर्मचारीहरु सेवा करारमा पदपूर्ती गर्नु पर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेवारहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**

| सि.नं. | विज्ञापन नं. | पद | तह | सेवा | मागपद संख्या | राजस्व दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ०६।०७७।७८ | सर्भेक्षक | सहायक पाँचौ | ईन्जि. (सर्भे) | १ | ८००।- |
| २. | ०७।०७७।७८ | अमिन | सहायक चौथो | ईन्जि. (सर्भे) | २ | ७००।- |

**तपसिलः**

**क) परीक्षाको किसिमः** संक्षिप्त सूची प्रकाशन र अर्न्तवार्ता ।
**ख) उमेरः** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको महिलाको हकमा ४० वर्ष ननाघेको ।
**ग) दरखास्त पेश गर्ने स्थानः** बाणगंगा नगर कार्यापालिकाको कार्यालय
**घ) दरखास्त दिने अन्तिम मितिः २०७७।१०।२१ गते कार्यालय समय भित्र ।**
**ङ) पदका लागि आवश्यक योग्यताः**

१. **सर्भेक्षक, सहायक पाँचौः** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी./ एस.इ.इ. उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा तीन वर्षे प्रविणता प्रमाणपत्र सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा एक वर्षको जुनियर नापी तालिम प्राप्त गरेको ।
२. **अमिन, सहायक चौथोः** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी./एस.इ.इ. उत्तीर्ण गरि प्राविधिक तथा व्यवसायीक तालिम परिषद (CTEVT) बाट अमिन कोर्ष पुरा गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी./ एस.इ.इ. उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा १ (एक) वर्षको तालिम प्राप्त गरेको ।

दरखास्त फारम www.bangangamun.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

## भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**नुवाकोट, अर्घाखाँची**
**प्रदेश नं.५, नेपाल**

*मिति २०७७/१०/०६*

## अन्यथा भएकोले सच्याइएको सम्बन्धी सूचना ।

यस कार्यालयबाट आजै मिति २०७७/१०/०६ गते प्रकाशित प्लाष्टिकटनेल आपूर्तीको कार्यको लागि सिलवन्दी बोलपत्र/दरभाउपत्रपेश गर्ने सम्बन्धी राष्ट्रिय दैनिक पत्रिका र www.bolpatra.gov.np/egpमा प्रकाशित सूचनाको साथैBidding Documentमा समेत Procurement and supply या Plastic Tunnel ( 90GSM, 6*10 meter)भन्ने हुनुपर्नेमा अन्यथ भएकोले सच्याइएको ब्यहोरा सम्बद्ध सबैमा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**(लिलबहादुर राउत क्षेत्री)**
प्रमुख प्रशासकीय अधिकृत

## गाउँवासीमा अनुरोध

**शितलहरको चिसोको कारणले मानिसको ज्यानै जान सक्छ , त्यसैले**

- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पताल तुरुन्त उपचारको व्यवस्था गरौं ।
- शीतलहको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नबिताऔं , घर बाहिर निस्कनु परेमा धेरै समय विताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- गोडा माथि देखिनै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं
- धुम्रपान तथा मद्यपानको सेवन नगारौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- सुत्ने कोठामा आगो, मकल, कोईला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुदैन । जसले गर्दा श्वास फेर्न नसकि निसास्एिर मृत्यु समेत हुन सक्छ ।
- आगो वालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**, कपिलवस्तु
**शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**, कपिलवस्तु
**मायाँदेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**, कपिलवस्तु
**यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**, कपिलवस्तु
**कन्चन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**, रुपन्देही
**गैडहवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**, रुपन्देही
**धुर्कोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**, गुल्मी

## नगरवासीमा अनुरोध

**शितलहरको चिसोको कारणले मानिसको ज्यानै जान सक्छ , त्यसैले**

- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पताल तुरुन्त उपचारको व्यवस्था गरौं ।
- शीतलहको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नबिताऔं ,घर बाहिर निस्कनु परेमा धेरै समय विताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- गोडा माथि देखिनै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं
- धुम्रपान तथा मद्यपानको सेवन नगारौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- सुत्ने कोठामा आगो, मकल, कोईला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुदैन । जसले गर्दा श्वास फेर्न नसकि निसास्एिर मृत्यु समेत हुन सक्छ ।
- आगो वालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

–**बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय**, कपिलवस्तु
–**बुद्धभुमी नगरपालिका नगरकार्यपालिकाको कार्यालय**, कपिलवस्तु
–**शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय**, कपिलवस्तु
–**कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय**, कपिलवस्तु
–**कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय**,कपिलवस्तु
–**महाराजगञ्ज नगरपालिका नगरकार्यपालिकाको कार्यालय**, क.व.
–**सैनामैना नगरपालिका नगरकार्यपालिकाको कार्यालय**, सैनामैना
–**लुम्बिनी साँस्कृतिक नगरपालिका नगरकार्यपालिकाको कार्यालय**, रुपन्देही
–**शितगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय**, अर्घाखाँची
–**सिद्धार्थनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय**, रुपन्देही
–**बर्दघाट नगरपालिका नगरकार्यपालिकाको कार्यालय**, नवलपरासी

# शिवपुर वासीले शुद्ध पानी पाउने



**माधव बेल्बासे**
कपिलवस्तु ६ माघ

कपिलवस्तुको शिवराज नगरपालिका १ शिवपुर रेन्जरपोष्टमा खानेपानी ओभरहेड ट्यांकीको शिलन्यास भएको छ । शिवराज नगरपालिका प्रमुख नेत्रराज अधिकारीले मंगलबार ट्यांकीको शिलन्यास गर्नु भएको हो । लुम्बिनी प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय खानेपानी सरसफाई डिभिजन कार्यालय बुटवल अन्तर्गत शिवपुरमा ४५० घन मिटरको क्षमता भएको ओभर हेड ट्यांकी निर्माण हुन लागेको हो। शिवपुर खानेपानी तथा सरसफाई उपभोक्ता समिती शिवपुरको आयोजनामा भएको शिलन्यास कार्यक्रममा नगर प्रमुख अधिकारीले हरेक नागरिकको घरघरमा स्वच्छ खानेपानी पुराउने सरकारको दायित्व रहेकोले शिवपुर गाउँको लागी प्रदेश सरकारको तर्फबाट निर्माण हुन लागेको बताउनु भयो। स्वास्थ्य समाज निर्माणका लागि पानी शुद्ध हुनुपर्ने ,पानी कै विभिन्न रोगहरु लाग्ने हुदाँ ओभरहेड निर्माण पछि धारामा आउने पानी सिधै पिउने लायक हुने लुम्बिनी प्रदेश सभा सदस्य अर्जुन कुमार के.सी.ले बताउनु भयो । आयोजना निर्माण सम्ममा स्थानिय बासीले हरेक तबरबाट उपभोक्ता समितिलाई सहयोग पुराउनु पर्ने पनि उहाँले बताउनु भयो। शिवराज नगरपालिकामा मात्रै ४ वटा खानेपानीका योजनाहरु प्रदेशबाट परेकोले अब नगरका सबै नागरिकले शुद्ध पिउने पानी पाउने उहाँले विश्वास व्यक्त गर्नु भयो।

ओभर हेड निर्माण सगै अब पाइप लाइन विस्तारको काम हुने भएकोले पाइपलाईन विस्तारमा स्थानिय उपभोक्ताको सहयोग अपरिहार्य हुने उपभोक्ता समितिका अध्यक्ष ढुण्डिराज अधिकारीले बताउनुभयो।आयोजनाको काम चुस्त दुरुस्त हुनेमा अधिकारीले दृढता व्यक्त गर्नु भयो । आयोजना अन्तर्गत भवन ,७८ किमि पाइपलाइन विस्तारको काम हुने उहाँले बताउनु भयो।

१ करोड ४३ लाख ८ सय ७७ लागतमा ओभरहेड ट्याकी निर्माण हुन लागेको खानेपानी सरसफाइ सब डिभिजनका प्राविधीक तिलक न्यौपानेले बताउनु भयो । शिवपुर खानेपानीको कुल लागत भ्याट बाहेक करिब १६ करोड रहेको बताउदै उहाँले कुल लागतको १ प्रतिशत उपभोक्ताले रकम जम्मा गर्नु पर्ने र सो रकम उपभोक्ता समितिले मर्मत संभारका लागि प्रयोग गर्ने बताउनु भयो।

निर्माणको जिम्मा पाएको सगुन कन्ट्रक्सनले ओभरहेड ट्याकी निर्माण अवधी २४ महिना भए पनि काम गर्ने शिलशिलामा बाधा अवरोध नआएमा १० महिनामा नै सम्पन्न गरिसक्ने कन्ट्रक्सनका प्रोपाइटर सागर खड्काले बताउनु भयो । शिलन्यास कार्यक्रममा नगर उप प्रमुख शिवकुमारी थारु, वडा अध्यक्ष जगत जिसी, कार्यपालिका सदस्यहरु लक्ष्मी हमाल, टिका वि.क., स्थानिय विभिन्न संघसस्थाका प्रमुख प्रतिनिधी र स्थानीयहरुको सहभागिता रहेको थियो।

# सुरक्षा सतर्कता बढाउन सीमाक्षेत्रमा अनुगमन



**दिवाकर पोखेल**
दाङ ६ माघ

भारसंग जोडिएको नेपाल-भारत सीमा क्षेत्रको अनुगमन गरिएको छ । जिल्लाको दक्षिणक्षेत्र भारत र नेपालको सीमासँग जोडिएको राजपुर गाउँपालिकाको ७ नम्बर वडामा पर्ने भैसाहीनाका र भौवानाको सिमाना अनुगमन गरिएको हो। प्रमुख जिल्ल अधिकारी जय नारायण आचार्यको नेतृत्वमा नेपाल प्रहरी, नेीली सेना,शसस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानका जिल्ल प्रमुखहरु नाका क्षेत्रमा पुग्क्षु भएको हो।

भारतसंग सिमा जोडिएको र विकासको दृष्टिकोण पछाडी परेको नाका क्षेत्रमा अबैध गतिविधि हुन नदिन समय समयमा जिल्ल सुरक्षा प्रमुख सहितको टोलीबाट नाका क्षेत्रको अनुगमन हुने गर्दछ । प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले सीमा क्षेत्रमा हुने अपराधिक गतिविधि न्यूनीकरण गर्न अनुगमन गरिएको दाङको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, स्थानीयबाट पनि सिमा स्तम्भव लगायतका विषय उठाइरहनुहुन्छ, नाका क्षेत्रमा सुरक्षा सर्तकता लगायतको विषय लाई लिएर अनुमगन गरेका हौ । दाङमा नेपाल-भारत सीमा क्षेत्र ७७ वटा सिमा स्तम्भ रहेका छन् । सीमा स्तम्भ आसपास अनुगमन गरिएको हो । सीमा क्षेत्रमा लागुऔषध, जालीनोट, भन्सार छली, मानव बेचबिखन, वन तथा वन्यजन्तु, हातहतियार बिक्री-वितरणलगायत आपराधिक गतिविधि बढ्नसक्ने भन्दै सुरक्षा सतर्कतालाई बढाइएको हो।

यसैविच भारतसँग जोडिएको दाङको नाकाबासीले वडास्तरिय सेवा लिनबाट बञ्चित परेको गुनासो पोखेका छन् । सिमाक्षेत्रमा बसोबास गर्ने नाकाबासीहरू वडा कार्यालय सम्म जाने भरपर्दो सडक नहुँदा वडा कार्यालयबाट लिने सेवाबाट समेत राजपुर गाउँपालिका वडा नम्बर ७ भैंसहीका पुर्ण रोकाले वडा कार्यालयमा जान भारतको बाटो भएरु जानुपर्ने बाध्यता रहेको बताउनुभयो । उहाँले भन्नुभयो,वडा कार्यालय सिक्टामा छ,भैसाहीँनाका देखि वडा कार्यालय सम्म अठार किलोमिटर भएपनि यायातका साधन चल्न नसक्दा समस्या छ । यता भौवानाका निवासी श्याम झाक्रिले नाकालाई एउटै वडा बनाउन माग गर्नुभयो । वडास्तरिय सेवा लिन बञ्चित नाकाबासीहरूले वितेको तीनवर्ष यता वडाबाट पाउन पर्ने सेवा नपाएको गुनासो सुनाउनुभयो।

**पत्रकार तथा सञ्चार माध्यमहरु बीचको आपसी सम्बन्ध व्यावसायिक स्वस्थ संयमित मर्यादित र सुमधुर राख्न दुवै सक्रिय र प्रयत्नशील हुनु पर्दछ ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**















कमन नेपाल प्रा. लि.द्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे, अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादक: बसन्त गिरी,
सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, बजार व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्स: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , प्रदेश नं. ५ , ईमेल: buddhadarpan@gmail.com मुद्रण: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही